**(ट) फर्म वा कम्पनि भन्नाले "प्रचलित कानुन बमोजिम गाउँपालिकामा स्थापना भएका वा कम्पनी रजिष्ट्रारको कार्यालयमा उधोग विकास समितिमा विधिवत दर्ता भै आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर लिएका, विधान भएका वा नभएका एकल वा शयुक्त रुपमा संचालित विधान भएका वा नभएका फर्म वा कम्पनीलाई सम्झनु पर्दछ ।

(ठ) ‘‘अध्यक्ष’’ भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ड) ‘‘आयोजना’’ भन्नाले गोलन्जोर गाउँपालिका वा सो अन्तर्ृगतको वडावाट गाउँपालिकाको पूर्ण वा आंशिक लागत/ लगानी वा साझेदारीमा निश्चित उद्धेश्यले छोटो समयमा सञ्चालन तथा सम्पन्न हुने योजना वा कार्यक्रम सम्झनु पर्छ । सो शव्दले गोलन्जोर गाऊँसभाबाट स्वीकृत भएको गैर सरकारी संघ सस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्था वा विकास साझेदार निकायबाट संचालन हुने आयोजना तथा कार्यक्रम समेतलाई जनाउनेछ ।

(ढ) ‘‘उपभोक्ता’’ भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिहरुलाई जनाउछ ।

**(ण) ‘‘उपभोक्ता समिति’’ भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरीएको समिति सम्झनु पर्दछ ।

(त) ‘‘कार्यालय’’ भन्नाले गाउँ कार्यपालिकाको कार्यालय ग्वालटार सिन्धुलीलाई सम्झनु पर्दछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(थ) ‘‘कार्यपालिका’’ भन्नाले गाऊँ कार्यपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(द) ‘‘ठूला मेशिनरी तथा उपकरण’’ भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्‍याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(ध) ‘‘पदाधिकारी’’ भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(न) ‘‘वडा’’ भन्नाले गोलन्जोर गाऊँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(य) ‘‘वडा अध्यक्ष’’ भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(र) ‘‘सदस्य’’भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ल) ‘‘सम्झौता’’भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ । सो शव्दले अनुसूचि ९ बमोजिमको अनुदान सम्झौता समेतलाई जनाउदछ ।

**(व) कार्यक्रम भन्नाले "निश्चित उद्धेश्य प्राप्तिको लागि क्षेत्रगत तथा बहुक्षेत्रगत आयोजनाको संयोजित रुपलाई सम्झनु पर्दछ ।

**(श) प्रवर्द्धनात्मक कार्यक्रम भन्नाले " गाउँपालिकाको कुनै क्षेत्र वा व्यक्ति वा लक्षित वा उधमी समुदायमा कार्यान्वयन हुने नमुना किसिमको उत्प्रेरणात्मक/आकर्शित कार्यक्रमलाई जनाउछ । प्रबर्धनात्मक कार्यक्रम प्रयोजनार्थ सभा सम्मेलन गोष्ठी बैठक गरी खर्च गर्न पाउने छैन ।

**(ह) अनुदान भन्नाले " क्षेत्रगत अनुदान वितरण कार्यविधि २०७५ बमोजिम गाउँपालिका क्षेत्रमा क्षेत्रगत नमुना व्यवसाय सञ्चालनको लागि निशुल्क दिईने रकमलाई अनुदान सम्झनु पर्दछ । उक्त अनुदान अनुसुचि ८ बमोजिमको ढाँचमा आवेदन पेश गर्नु पर्ने छ ।

**(क्ष)अनुगमन समिति भन्नालेः स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ ख (५) मा भएको व्यवस्था भए अनुसार गठित समितिलाई सम्झनु पर्दछ । अनुगमनको ढाचाँ तथा विवरण अनुसूचि १० र अनुसुचि ११ बमोजिम हुनेछ ।

**(त्र) स्थानिय कानुन भन्नालेः गाउँपालिकाले गाउँ सभा तथा कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशित कानुनहरुलाई जनाउदछ ।

**३. कार्यविधिको पालना गर्नुपर्नेः**(१)गाउँ/नगरपालिका भित्र कार्यान्वयन हुने आयोजना, अनुदान,निर्माण, सञ्चालन,मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

क्षेत्रगत अनुदान वितरण कार्यविधि 2075 को परिच्छेद (३) को दफा ५ को (क) र (ख) मा भएको व्यवस्था बमोजिम यस गाउँपालिका क्षेत्रमा दर्ता भई सञ्चालनमा रहेका व्यक्तिगत फर्म लघु तथा घरेलु उद्यम, सहकारी, सामुहिक फर्म, कम्पनिलाई प्रवर्द्धनात्मक कार्यको लागि अनुदान उपलब्ध गराउँदा उत्पादन मूलक स्थानीय श्रोत साधन सिपको अधिक्तम उपयोग हुने घरेलु तथा लघु उद्यम र अन्य व्यवसायिक कृषि तथा पशुपंक्षी अनुदान सहयोग योजना तथा कार्यक्रम संचालनका लागी आवेदकले पेश ग र्नुपर्ने परियोजना प्रस्ताव पत्र ।

१.आवेदक र सम्पर्क व्यक्ती सम्बन्धी विवरणः

| |
|---|
| आयोजना तथा कार्यक्रमको नामः |
| ठेगानाः |
| सहकारी फर्म, समुह, संस्था दर्ता भएको मितिः |
| स्थायी लेखा नम्बरः |
| नविकरण भएको/ नभएकोः |
| फर्म, समुह, संस्थाको मुख्य उद्धेश्यः |
| प्रोपाइटर वा अध्यक्षको नामः |
| मोवाइल नं. |
| परियोजना स्थल (कार्यक्षेत्र) |
| परियोजनाको नामः |
| कुल पुँजी लगानीः |
| आफनो पूँजीः |
| गाउँपालिकाको पुँजीः |
| अन्य निकायको पूँजीः |
| आयोजना तथा कार्यक्रम संचालन सम्बन्धि अनुभवन भएको/ नभएकोः |
| भौतिक वित्तिय तथा बजार सम्बन्धि विवरण |
| क) भौतिक संरचना भएको/नभएको |
| १) परम्परागतः |
| २) आधुनिकः |
| ख) व्यवसाय संचालन अनुभव/तालिम भएको/नभएकोः |
| ग) स्थानिय श्रोत साधनको अवस्थाः |
| घ) बजारको अवस्थाः |
| ङ) उपभोक्ताको मागः |
| च) पारिवारीक सहयोगको अवस्थाः |
| छ) लागत लाभको अनुपातः |
| ज यातायातको पहुँचः |
| झ) बैक तथा वित्तिय कम्पनी वा समुहको ऋण भएको/ नभएको |
| ज) उत्पादन योजना विक्रि योजना भएको/नभएको |
| ञ) बार्षिक नाफा घाटाको मुल्याकन भएको/नभएको |

२.हालको व्यवसायको अवस्थाः

| क्र.स | हालको व्यवसाय | व्यवसायको आकार | बार्षिक उत्पादन (अनुमानित) | बार्षिक कुल अनुमानित आम्दानी(रु) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| जम्मा | | | | |

३.प्रस्तावनाको औचित्य तथा महत्वः

४.परियोजनाका मुख्य मुख्य क्रियाकलापहरुः

| क्र.स | क्रियाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५.खर्च विवरणः

क पानी व्यवस्थापन आदि जस्ता संरचना निर्माण पशुवस्तु ,तारवार ,भवन ,गोठ ,स्थिर खर्चको विवरणः कृषि यन्त्र उपकरणहरु ( खरिद पुर्व सञ्चालनखर्च आदि ।

| क्र.स | क्रियाकलापहरुको विवरण | इकाई | परिमाण | दर | जम्मा खर्च(रु) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

खपशुवस्तु खरिद आदि । ,रोगकिरा व्यवस्थापन ,दाना ,मल विउ ,चालु खर्चको विवरणः कामदार (

| क्र.स | क्रियाकलापहरुको विवरण | इकाई | परिमाण | दर | जम्मा खर्च(रु) |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

हामीलाई माथि उल्लेखित विवरण अनुसार कृषि पशु तथा व्यवसायिक कार्यहरु गर्न आवश्यक परेकाले त्यहाँ कार्यालयवाट व्यवस्था , भए बमोजिम अनुदान उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु।

<u>निवेदकको तर्फवाट</u>

नाम थरः

सहिः

मितिः

सम्पर्क नं.

<u>सम्वन्धित प्राविधिकको तर्फबाट</u>

नामः

पदः

हस्ताक्षरः

मितिः

# सम्झौता-पत्र

सिन्धुली जिल्ला गोलन्जोर गाउँपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिने) र गोलन्जोर गाउँपालिका वडा नं.....को सहकारी संस्था/सामुहिक फर्म/व्यक्तिगत फर्म/.....................................................का श्री.................................................................(यस पछि दोश्रो पक्ष भनिने) बीच गोलन्जोर गाउँसभा/ कार्यपालिकाले स्वीकृत गरेको..........................................................................योजना/कार्यक्रम कार्यान्वयन/संचालन गर्न तपसिलमा उल्लेखित शर्तको अधिनमा रही कार्य गर्ने गराउने सहमती साथ सम्झौता गरी एक-एक प्रति लियौ दियौ ।

तपसिल

१) प्रथम पक्षले उपरोक्त योजना/कार्यक्रम गर्न लागत अनुमान रु...............................मा विनियोजित रकम रु................................मध्ये कन्टीजेन्सी.......प्रतिशतले हुने रकम रु.............................कट्टी गरी रु..............................मात्र उपलब्ध गराउने छ ।

२) दोश्रो पक्षले लागत अनुमान (इष्टिमेट) र प्रस्ताव-पत्रमा उल्लेखित विवरण अनुसार कार्य गर्नु पर्नेछ ।

३) दोश्रो पक्षले योजना/कार्यक्रमको काम मिति २०....../...../........गते सम्ममा पुरा गर्नु पर्नेछ ।

४) प्राप्त रकम तथा आयोजनाको उद्देश्यका लागी मात्र प्रयोग गर्नु पर्नेछ ।

५) आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी संस्था/समूहमा छलफल गरी गर्नु पर्नेछ ।

६) कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरि सोही अनुसारको विल भर्पाई आधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

७) मुल्य अभिवृद्धि कर (vat) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।- भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर दर्त्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ । साथै उक्त बिलमा उल्लेखित मु.अ.कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु २०,०००।- भन्दा कम मुल्यको सामाग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयंम जिम्मेवार हुनेछ ।

८) नगदी,जिन्सी सामानको प्राप्ती,खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नु पर्नेछ ।

१०) सम्झौता बमोजिम कार्यक्रम सम्पन्न भएपछि अन्तिम भुक्तानीका लीग संस्था/साम’हिक फर्म भए संस्था/समूहबाट भएको सार्वजनिक लेखा परीक्षणको निर्णयको प्रतिलिपी,बिल भर्पाई,सम्बन्धित वडाको वडा स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति तथा वडा कार्यालयको सिफारिस-पत्र तथा व्यक्तिगत फर्म भएमा बिल भर्पाई,सम्बन्धित वडाको वडा स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति तथा वडा कार्यालयको सिफारिस-पत्र सहित अन्तिम किस्ता रकम भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।

| सहकारी फर्म /समुह/ व्यक्ति तर्फबाट | सम्वन्धित शाखाको तर्फबाट | कार्यालयको तर्फबाट |
|---|---|---|
| दस्तखत.................. | दस्तखत ................... | दस्तखत............ |
| नाम थर.................... | नाम थर.................... | नाम थर........... |
| पद........................... | पद........................... | पद................ |
| ठेगाना......................... | ठेगाना................. | ठेगाना................. |
| सम्पर्क नं...................... | सम्पर्क नं............. | सम्पर्क नं............. |
| मिति.......................... | मिति.......... | मिति.......................... |

<table>
<tr><td colspan="2">अनुसुचि ११<br>कार्यविधिको दफा १३ (१) संग सम्वन्धित</td></tr>
<tr><td colspan="2">गोलन्जोर गाउँपालिका</td></tr>
<tr><td colspan="2">आ.व......./........ को गाउँपालिका स्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिको अनुगमन प्रतिवेदन</td></tr>
<tr><td colspan="2">योजना क्रम संख्याः................ अनुगमन मिति :-</td></tr>
<tr><td colspan="2">योजना/कार्यक्रमको नाम :-</td></tr>
<tr><td>योजना/कार्यक्रम संचालन भएको ठेगाना :- गोलन्जोर गा.पा., वडा नं...................</td><td>बजेट श्रोतः निशर्त ( ) सशर्त( ) अन्य ( )<br>योजना बाट लाभान्वित :- घरधुरी :- , जनसंख्या :-</td></tr>
<tr><td>योजना/कार्यक्रमको बजेट :-<br>गा.पा अनुदान :<br>श्रमदानः</td><td>योजना सम्झौता मितिः-<br>सम्पन्न गर्नु पर्ने मितिः-</td></tr>
<tr><td>योजना/कार्यक्रमको भौतिक लक्ष्य :-</td><td>योजना/कार्यक्रमको वितिय लक्ष्य :-</td></tr>
<tr><td>योजना/कार्यक्रमको अपेक्षित उपलब्धीहरु :-</td><td>योजना/कार्यक्रमको अनुगमन सूचक :-</td></tr>
<tr><td colspan="2">योजना/कार्यक्रम सम्पन्न गर्न गरिने मुख्य मुख्य कार्यहरु :-</td></tr>
<tr><td>१.</td><td></td></tr>
<tr><td>योजना/कार्यक्रमको अनुगमन विवरण (प्रथम चरण)</td><td>योजना/कार्यक्रमको अनुगमन विवरण (अन्तिम चरण)</td></tr>
<tr><td>योजना/कार्यक्रमको अनुगमन क्रममा स्थानिय उपभोक्ताहरुको भनाई एवम प्रतिक्रिया</td><td>योजना/कार्यक्रमको अनुगमन क्रममा स्थानिय उपभोक्ताहरुको भनाई एवंम प्रतिक्रिया</td></tr>
<tr><td></td><td></td></tr>
</table>

